# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०　　संख्याः०४　　मितिः २०८३/०४/१४

भाग २

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दिपुर गाउँपालिका आधारभूत तह कम्प्युटर शिक्षक व्यवस्थापन कार्यविधि ,२०८३

# बन्दिपुर गाउँपालिका आधारभूत तह कम्प्युटर शिक्षक व्यवस्थापन कार्यविधि ,२०८३

कार्यपालिकाबाट प्रमाणित मिति :२०८३/०४/१२

**प्रस्तावनाः** बन्दिपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षकको रुपमा शिक्षक व्यवस्थापन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधारको लागी बन्दिपुर गाउँपालिकाबाट स्वीकृत कम्प्युटर शिक्षक कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागी बन्दिपुर गाउँपालिकाको शिक्षा ऐन-२०७५ को दफा ६२ को ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**परिच्छेद-१ प्रारम्भ तथा परिभाषा**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "बन्दिपुर गाउँपालिका आधारभूत तह कम्प्युटर शिक्षक व्यवस्थापन कार्यविधि २०८३" रहने छ ।

२) यो कार्यविधि बन्दिपुर गाउँकार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुनेछ।

**१.२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. "ऐन" भन्नाले बन्दिपुरगाउँपालिकाको शिक्षा ऐन २०७५ सम्झनु पर्दछ ।

२. "कार्यविधि" भन्नाले बन्दिपुर गाउँपालिका आधारभूत तह कम्प्युटर शिक्षक व्यवस्थापन कार्यविधि २०८३ लाई सम्झनु पर्दछ ।

३. "कार्यपालिका" भन्नाले बन्दिपुर गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

४. "गाउँ शिक्षा समिति" भन्नाले शिक्षा ऐन-२०७५ बमोजिम गठित बन्दिपुर गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

५. "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले बन्दिपुर गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ

६. "व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ

७. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत विद्यालय सम्झनु पर्दछ।

८. "स्थानीय तह" भन्नाले बन्दिपुर गाउँपालिका सम्झनु पर्दछ ।

९. "अनुदान" भन्नाले कम्प्युटर शिक्षक व्यवस्थापनका लागि विनियोजित अनुदान बुझ्नु पर्दछ।

१०. "कम्प्युटर शिक्षक" भन्नाले यस अनुदान बाट पारिश्रमिक सुविधा पाउने गरी कम्प्युटर शिक्षकको रुपमा सेवा गर्न इच्छुक भइ विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षकलाइ सम्झनु पर्नेछ ।

## परिच्छेद २ः उद्देश्य, अपेक्षा तथा  बजेट सिमा

**२.१ उद्देश्यः**

१) यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय बमोजिमको रहेको छः

क) विद्यालयलाई उपलब्ध गराउने कम्प्युटर शिक्षकको वितरणको आधार तथा  व्यवस्थापन लागी मार्गदर्शन गर्नु, साथै कामको आवश्यकताको आधारमा शिक्षा ,युवा तथा खेलकुद शाखामा समेत व्यवस्थापन गर्नु ,

ख) गुणस्तरीय  तथा प्रबिधिमैत्री कम्प्युटर शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु,

**२.२ अपेक्षाः** बन्दिपुर गाउँपालिका भित्र संचालित विद्यालयमा गुणस्तर सुनिश्चितता गर्नु।

**२.३  वजेट र सिमाः** बन्दिपुरगाउँपालिकाको गाउँ सभा बाट स्वीकृत बजेटको सिमा नै बजेटको सिमा  हो।

## परिच्छेद-३ अनुदान वितरणको आधारहरु

**३.१ अनुदान वितरणको आधारहरुः** विद्यालयमा कम्प्युटर  शिक्षक तपसिल अनुसारको आधारमा रहेर वितरण गरीनेछ।

क) विद्यालयको विद्यार्थी संख्या,

ख) विद्यालयको मौजुदा दरवन्दी संख्या,

ग) विद्यालयमा संचालित कक्षा संख्या, कम्प्युटर विषय पठनपाठनको अवस्था ,

घ) स्वंयमसेवक शिक्षकमा शिर्षकमा व्यवस्थापन गरिएको बजेट रकम,

## परिच्छेद-४

## आधारभूत तह कम्प्युटर शिक्षक शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

**४.१ः आधारभूत तह कम्प्युटर शिक्षक छनौट समिति गठनः** (१) यस कार्यविधि अनुसार निर्धारित पदमा कम्प्युटर शिक्षक छनौट गरी सिफारिस गर्नका लागि देहाय बमोजिमको एक आधारभूत तह कम्प्युटर शिक्षक शिक्षक छनौट समिति रहनेछः

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) विषय विज्ञ  बढीमा दुई जना -सदस्य

ग) शिक्षा अधिकृत -सदस्य सचिव

(२) समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.२ः आधारभूत तह कम्प्युटर शिक्षक छनौट समितिको काम, कर्तव्य तथा अधिकारः** कम्प्युटर शिक्षक छनौट समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधि अनुसार सामुदायिक विद्यालयका लागि तोकिएको पद संख्यामा कम्प्युटर शिक्षक करार नियुक्ति गर्न प्रतियोगात्मक परीक्षा सञ्चालनका लागि विज्ञापन प्रकाशित गर्ने,

(ख) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारको छनौट गर्न लिखित परीक्षा, अन्तर्वार्ता तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने तथा नतिजा प्रकाशन गर्ने,

(ग) लिखित परीक्षावाट उत्तीर्ण हुने उम्मेदवारहरुलाई अन्तर्वार्ताका लागि छनौट गर्ने तथा नाम प्रकाशन गर्ने,

(घ) अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता सञ्चालन गर्ने । आवश्यक संख्यामा सफल उम्मेदवारहरु छनौट गरि योग्यताक्रम सहित नियुक्तिका लागि सिफारिस गर्ने र उपलब्ध भएसम्म आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवारहरु थप गरी वैकल्पिक योग्यताक्रम सूचि प्रकाशन गर्ने ।

## परिच्छेद -५

## विज्ञापन प्रकाशन,प्रतियोगितात्मक परीक्षा र सिफारिस सम्वन्धि व्यवस्था

### ५.१ विज्ञापन प्रकाशन गर्नु पर्नेः

(१) यस कार्यविधि बमोजिम कम्प्युटर शिक्षक पदमा पदपूर्तिको लागि कम्तिमा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नु पर्ने छ । आवेदनको ढाँचा अनुसूचि १ वमोजिम हुने छ ।

### ५.२ः कार्यक्रम कार्यान्वयन प्रक्रियाः

१. गाउँपालिका आधारभूत तह कम्प्युटर शिक्षकको शिक्षक छनौट तथा नियुक्ति गर्न शिक्षक सेवा आयोगको नियुक्ति प्रक्रिया नै अवलम्बन गरिने छ ।

क. कम्प्युटर शिक्षक पदपूर्तिका लागि कम्प्युटर शिक्षक शिक्षक छनौट समितिले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरि लिखित परीक्षा,अन्तर्वार्ता तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने छ ।

ख. लिखित परीक्षाको पूर्णाङक १०० र उत्तीर्णाङक ४० हुनेछ साथै अन्य पाठ्यक्रममा निर्धारण भए वमोजिम हुनेछ ।

ग. अन्तर्वार्ताको २० अंक हुनेछ, जस मध्ये शैक्षिक योग्यताको अङ्क ५ (न्युनतमको लागि ३ तथा माथिल्लो योग्यताको २), व्यक्तिगत अन्तर्वार्ता १५ अङ्कको हुनेछ ।

- न्युनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको अङ्क ३,द्धित्तीय श्रेणीको अङ्क २ र तृतीय श्रेणीको अङ्क १ हुनेछ । श्रेणी नखुलेको प्रमाणपत्रको हकमा द्धित्तीय श्रेणी सरहको अङ्क दिइनेछ ।
- माथिल्लो शैक्षिक योग्यता वापत प्रथम श्रेणीको अङ्क २ र द्वित्तीय श्रेणीको अङ्क १ हुनेछ ।

घ. आवश्यकता अनुसार लिइने प्रयोगात्मक परीक्षाको पूर्णाङक र उत्तीर्णाङक क्रमशः २५ र १० हुनेछ ।

ङ. त्यसरी छनोट भएका शिक्षकलाई शिक्षा ,युवा तथा खेलकुद शाखाबाट नियुक्ति दिई हाजिरको लागि सम्बन्धित विद्यालयमा पठाइने छ ,साथै आवश्यकता अनुसार कम्प्युटर सम्बन्धित कामकाजको लागि कार्यपालिकाको निर्णय अनुसार शाखामा समेत खटाउन बाधा पर्ने छैन ।

## परिच्छेद ६ः

## आधारभूत तह कम्प्युटर शिक्षकको योग्यता तथा सेवा सुविधा सम्बन्धी व्यवस्था

**५.१ शिक्षकको योग्यताः** (१) कम्प्युटर शिक्षक पदमा उमेदवार हुनको लागि देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिक मात्र योग्य हुनेछन्:

क. १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, मगज नबिग्रेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवावाट बर्खास्त नभएको,

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कक्षा १२ (प्रमाणपत्र तह वा सो सरह) उत्तीर्ण गरी ६ महिने वा १ वर्षे कम्प्युटर डिप्लोमा कोर्स पुरा गरेको ।

**५.२ आधारभूत तह कम्प्युटर शिक्षकको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्थाः** कम्प्युटर शिक्षकको सेवा,शर्त तथा सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क. आधारभूत तह कम्प्युटर शिक्षकको मासिक तलब रु. २५,०००/- (अक्षरुपी पच्चिस हजार) का दरले चाडपर्व खर्च सहित १३ महिना बराबरको तलब उपलव्ध गराइनेछ ।

ख. आधारभूत तह कम्प्युटर शिक्षकले पाउने विदा देहायवमोजिम हुनेछः

(क) पर्व विदा र भैपरि आउने विदा शिक्षा नियमावलीमा उल्लेख भए अनुसार उपलव्ध गराइनेछ । यस्तो विदा सञ्चित हुने छैन ।

(ख) आफ्नै रीत र परम्परा अनुसार वढीमा १५ दिन क्रियाविदा उपलव्ध गराइने छ

(ग) अन्य विदाको हकमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(१) माथि उल्लेखित (क), (ख) तथा (ग) को हकमा सम्वन्धित विद्यालयको प्रधानाध्यापकले विदा स्वीकृत गर्नेछ ।

(२) कम्प्युटर शिक्षकको मासिक तलब निज कार्यरत विद्यालयको खातामा निकासा गरिनेछ । यसका लागि सम्वन्धित विद्यालयले त्रैमासिक रुपमा निकासा माग फाराम गाउँपालिकामा पेश गर्नुपर्नेछ । विद्यालयमा निकासा पश्चात सम्वन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा बैंक खातामार्फत भुक्तानी दिनुपर्नेछ ।

## परिच्छेद ७ः कार्यक्रमको अनुगमन

**५.१ कार्यक्रमको अनुगमन**ः कार्यक्रमको अनुगमन बन्दिपुर गाउँपालिकावाट अनुगमन गरिनेछ।

## परिच्छेद ८ः बाधा अड्चन फुकाउ तथा खारेजी र बचाउ

**६.१** यस कार्यविधि अनुसारको कार्यान्वयनमा केहि बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ।

**६.३ खारेजी र बचाउ**ः (१) कार्यपालिकाबाट यस कम्प्युटर शिक्षक व्यवस्थापन सम्वन्धि अर्को व्यवस्था तथा स्वीकृत भएपश्चात यस कार्यविधि खारेज भएको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।तर, यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले,
कमल बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

बन्दिपुरगाउँपालिका, तनहुँ

कम्प्युटर शिक्षक पदको लागि आवेदन फाराम

क. उमेदवारले सेवा गर्न चाहेको पदः .................................. विज्ञापन नं. ............. तहः ................

ख. उमेदवारको वैयक्तिक विवरणः

उमेदवारको नामथर देवनागरीमाः.......................................................................

In English Block letter: ……………………………........................………

स्थायी ठेगानाः जिल्ला ........................ गा.पा/ न.पाः .......................... वडा नं. ................

टोलः .............................. घर नं. ................ सम्पर्क नं. ...............................................

पत्राचार गर्ने ठेगानाः जिल्ला ................. गा.पा/ न.पाः ............................ वडा नं. ...............

टोलः ................................घर नं. .................... सम्पर्क नं. ..............................................

बाबुको नामथरः..........................................आमाको नामथरः ...........................................

बाजेको नामथरः.................................श्रीमान्/श्रीमतीकोनामथरः............ ..............................

जन्ममितिः .................................... हालको उमेरः ................. वर्ष .............. महिना

ग. शैक्षिक योग्यता सम्वन्धि विवरणः

| विश्वविद्यालय/ वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रति शत | मूल विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

घ. संलग्न कागजातको विवरण (संलग्न प्रति समेत उल्लेख गर्ने)

१. ...............................................................

२. ..................................................

३ ................................................................

४ ..................................................

५ ..................................................................

६ .................................................

७ ...................................................................

८ ...............................................

ङ. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भनी उमेदवारले सहीछाप गर्नेः

| उमेदवारको दायाँ बुढी औलाको छाप | उमेदवारको वायाँ बुढी औलाको छाप | दस्तखत | मिति |
|---|---|---|---|
| | | | |

रुजु गर्ने

...............

स्वीकृत गर्ने / अस्वीकृत गर्ने

.......................

प्रमुख प्रशासकीय अधिकृत

| |
|---|
| फोटोमा<br>पर्नेगरी<br>उमेदवारको<br>दस्तखत |

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश,नेपाल
कम्प्युटर शिक्षक प्रतियोगिता
प्रवेश पत्र

**<u>उमेदवारले भर्ने:</u>**

क. उमेदवारको नाम थरः .....................................................

ख. तहः ...............................

ग. स्थायी ठेगानाः जिल्ला................. गा.पा/न.पाः ................................. वडा नं .............

घ. परीक्षार्थीको दस्तखतः ...............................

**<u>सम्वन्धित कर्मचारीले भर्ने:</u>**

मिति ............. साल ............. महिना ........ गते विहान/दिउसो .......... वजे हुने स्वंयमसेवक शिक्षक स्वयम् सेवक शिक्षक प्रतियोगितात्मक परीक्षामा तपाइलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्ध हुनेछ ।

परीक्षाकेन्द्रः .................................रोल नं .......... अधिकृतको दस्तखत ............................

**बन्दीपुर गाउँपालिका**

**आधारभूत तह कम्प्युटर शिक्षकको छनौट समितिले लिने परीक्षाको पाठ्यक्रम**

खण्ड क :**शिक्षा सम्वन्धी आधारभुत ज्ञान** २० अंक

क) शिक्षा सम्बन्धी आधारभुत ज्ञान

१. नेपालको शैक्षिक ईतिहास राणाकाल देखी हाल सम्म

२. राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८

३ शिक्षकको सक्षमताको प्रारुप २०७२

४ राष्ट्रिय प्रारम्भिक पढाई कार्यक्रम

५ विद्यालय सामाजिक परिक्षण मापदण्ड २०७८

६ विद्यालय सुधार योजना

७ शैक्षिक सामाग्रीको परिचय महत्व र प्रकार

८ बाल मनोविज्ञानको अवधारणा बाल वृद्धि र विकास

९ कार्यमुलक अनुसन्धान

१० नेपालको विद्यालय शिक्षाको तहगत संरचना ।

११ नेपालको संविधान २०७२ मा भएको बालबालिका तथा शिक्षा सम्बन्धी व्यवस्था

१२ शिक्षा ऐन २०२८

१३ शिक्षा नियमावली ,२०५९

१४ बन्दीपुर गाउँपालिकाको स्थानीय शिक्षा ऐन२०७५

१५ स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको शिक्षा सम्वन्धी व्यवस्था,

१६ शिक्षण सिकाईमा सुचना तथा संचार प्रविधिको प्रयोग (श्रव्य दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सिकाई सामाग्री)

१७ कम्प्युटरः परिचय, प्रकार, हार्डवेयर,सफ्टवेयर र अफिस प्याकेज, वर्ड एक्सेल, पावर प्वाईन्ट, ईमेल इन्टरनेट ।

१८ विद्यालयमा प्रयोग गरिने साधारण सफ्टवेयर सम्बन्धी आधारभुत ज्ञान ।

१९ शिक्षण सिकाईमा सुचना तथा संचार प्रविधिको प्रयोग (श्रव्य दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सिकाई सामाग्री, इ पुस्तकालय ) विकास र व्यवस्थापन

२० साईवर अपराध र सुरक्षा सम्बन्धी आधारभुत ज्ञान

खण्ड क :कम्प्यूटर सम्बन्धी ज्ञान ८० अंक

**1. Computer Fundamental** : Concept of Computer Hardware and Software (Basic Concept of Computer Hardware, Hardware components and their functions, Basic of Computer Software (Introduction of Operating system, System software, Utility Software)

**2. Computer Application, Office Packages and Multimedia** :Operating System: Types and Function, GUI based operating (Window 7/8/10) and their features Microsoft Windows, Linux, Android, Uses of Computer software application multimedia in teaching and learning, Introduction of MS Word, MS Excel MS power point, MS Access. File and Folder management, User account management, Software downloading and installation (Office, Package) Web Browsers, PDF reader, Screenshot, snipping, editing image, converting image pdf.

**३ICT Equipment Function and Use:** Smart Phone, Interactive Smart Board, Projector, Printer, Scanner, Webcam, Speaker, Microphone, External hard drive, pen drive and memory chips, CCTV Devices, Firewall, Antivirus.

**4. E-mail, Internet and Social Media**: Create and Manage e-mail account, Google search and search customization, Google Translation, Cloud Services (One Drive, Google Drive, Google docs, slide, sheet), Video Conference, ZOOM Meeting, google meet. YouTube (Uploading video and downloading). Create messenger group, chat, and reply And Facebook update.

**५.Web Technology and Digital Learning:** concepts of tags of HTML, CSS, Concept of digital learning/ e-Learning, Blended learning, online. Asynchronous Mode of Online/ e-Learning (Google Classroom, Easy Class, MOODLE Cloud,) Synchronous mode of Online/ e-Learning (Google Meet/Zoom/Voov/Cisco Webex/Jitsi/Skype for Business/Microsoft Teams/Big blue Button/ Go meeting/ Go brunch) Virtual classroom, connecting with learners during pandemic/future Epidemic/natura! disasters. e- Library, (NCED, Sajhapati.com, Artificial Intelligence (AI), Robotics Humans.

**६.Cyber Ethics and Security:** Ethics in using digital documents, Intellectual Property Right (Trademark, Patent, Copyright), Antivirus and virus scanning. Cybercrime and protection (Awareness, Cyber Law in Nepal and Practices)

**7. IEMIS:** IEMIS introduction, Log in, School Excel Download, upload, Data verify and correction, Data Management System, Database, Database information Management system .

**8. Computer Networking**: Concepts of Computer Networks and Topologies, concept of Common network devices and their functions, Router, Switch, Hub, MODEM, Communication cables and connectors. Types of Computer Networks, Common troubleshooting practices.

**9. Classroom management and teaching methods**.

**10. Local curriculum.**